**प्रस्तावहरु**

१. आ.व.२०७५।७६ मा समपुरक अनुदानबाट संचालन गर्ने गरी प्रदेश मन्त्रालयमा प्रस्ताव गर्ने योजना छनौट गर्ने ।
२. गाउँपालिको एकिकृत आवधिक योजना निर्माणको लागत अनुमान तथा TOR स्वीकृत गर्ने ।
३. अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण गर्न गठित समन्वय समिति तथा एम्बुलेन्स सेवा व्यवस्थापन समितिको सदस्य तोक्ने ।
४. एम्बुलेन्स चालक छनौट गर्ने ।
५. सशस्त्र प्रहरी बल सल्यानलाई आर्थिक सहयोग गर्ने सम्बन्धमा ।
६. विद्यालयको नाम परिवर्तण गर्ने सम्बन्धमा ।
७. प्राविधिक शिक्षा सञ्चालनको लागि अनुमती प्रदान गर्ने सम्वन्धमा

## निर्णयहरु :

**निर्णय नं १,**

प्रस्ताव नं १ माथि छलफल गर्दा चालु आ.व.मा प्रदेश स्तरको समपुरक अनुदानबाट संचालन गरिने योजनाको प्रस्ताव मिति २०७५ माघ १५ गते सम्ममा पठाउने भनि आर्थिक मामिला तथा योजना मन्त्रालय,कर्णाली प्रदेश सुर्खेतको सूचना अनुसार यस गाउँ कार्यपालिकाबाट वडा नं. ३ को पिमखोलाको दोवई खोलामा Rcc कल्भर्ट(पुल) दुई वटा र वडा नं. ६ को पातिहाल्ना पोखरीज्यूला सडकको अरनेखोलामा Rcc कल्भर्ट(पुल)एक वटा निर्माण गर्न पत्राचार गरिएकोले ती योजना छनौट गर्ने र ती योजनाहरुको माग अनुसारको विस्तृत कागताजहरु तयार गरी यथाशिघ्र पठाउने निर्णय गरियो ।

**निर्णय नं २,**

प्रस्ताव नं २ माथि छलफल गर्दा गाउँपालिको स्वीकृत कार्यक्रम अनुसार गाउँपालिकाको एकिकृत आवधिक योजना निर्माणको गर्न आवश्यक देखिएको र त्यसको लागि गाउँपालिकाबाट विनियोजन भएको रु.१७,००,०००। तथा आर.आर.एन.सल्यानबाट सहयोग हुने रु.२,००,०००। लाख गरी जम्मा १९,००,०००। बजेट व्यवस्था भएकोले उक्त योजनाको लागत अनुमान जम्मा रु.१९,००,०००। लाख र त्यसको TOR स्वीकृत गर्न आवश्यक भएकोले माथि उल्लेखित लागत अनुमान र TOR स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ३,**

प्रस्ताव नं ३ माथि छलफल गर्दा अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि,२०७५ को प्रावधान बमोजिम गठित समन्वय समितिमा सोही कार्यविधिको दफा ७ को उपदफा (१) को खण्ड (ख) बमोजिम गाउँकार्यपालिकाले महिला सदस्यहरु मध्यबाट एक जना सदस्य तोक्ने प्रावधान बमोजिम महिला सदस्य श्री कान्ती वलीलाई सो समितिको सदस्य पदमा मानोनित गर्ने (तोक्न), त्यस्तै एम्बुलेन्स सेवा संचालन कार्यविधि,२०७५को दफा ३ को उपदफा(१)को खण्ड (ख) बमोजिम गठित एम्बुलेन्स सेवा व्यवस्थापन समितिको सदस्यहरु मध्य कार्यपालिकाले तोकेको एकजना वडा अध्यक्ष सदस्य रहने प्रावधान अनुसार वडा नं. ४ का वडा अध्यक्ष श्री छविराज शर्मालाई मनोनयन गर्ने(तोक्ने) निर्णय गरियो ।

**निर्णय नं ४,**

प्रस्ताव नं ४ माथि छलफल गर्दा यस गाउँपालिकाले स्वीकृत वार्षिक कार्यक्रम अनुसार खरिद गरिएको एम्बुलेन्स संचालन गर्नको लागि सवारी चालक भर्ना गर्न एम्बुलेन्स सेवा व्यवस्थापन समितिबाट अनुभव,आचरण,शैक्षिक योग्यता समेतको आधारमा अन्तरवार्ता परिक्षा समेत लिई समितिको मिति २०७५।१०।२९ गते विहान बसेको बैठकबाट छनौटको लागि योग्यताक्रम अनुसार शिफारिस गरेका उम्मेद्वारहरु त्रिवेणी ४ का हेमराज गिरी औषत प्राप्ताङ्क १६.९५,त्रिवेणी ३ का लोकबहादुर वि.क.औषत प्राप्ताङ्क १६.५७ र त्रिवेणी ३ का संजित बुढा औषत प्राप्ताङ्क १५.७७ मध्य त्रिवेणी गा.पा.वडा नं. ४ बस्ने श्री हेम राज गीरी लाई एम्बुलेन्स चालकमा भर्ना गर्ने र निजलाई मासिक रु १३,०००। प्रति महिला पारिश्रमिक र विरामी अस्पताल/स्वास्थ्य संस्था पुऱ्याउदा उठेको रकमको १० प्रतिशत तथा अस्पताल/स्वास्थ्य संस्थाहरुबाट फिर्ता घरतिर लैजादा उठेको रकमको २५ प्रतिशत रकम कमिशन वापत उपलब्ध गराउने । पहिले नै दुई तर्फि भाडाको तय भएको अवस्थामा भने जम्मा उठेको रकमको २० प्रतिशत रकम कमिशन वापत उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ५,**

प्रस्ताव नं ५ माथि छलफल गर्दा सशस्त्र प्रहरी बल सल्यानलाई आर्थिक सहयोग गर्ने सम्बन्धमा व्यापक छलफल गरी आगामी वैठकवाट सहयोग उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ६,**

प्रस्ताव नं ६ माथि छलफल गर्दा शिक्षा समितिको मिति २०७५।१०।१८ बैठकबाट यस गाउँपालिका अन्तरगतको संस्थागत विद्यालय ब्रोड फ्यूचर एकेडेमी स्कूल नाम त्रिवेणी गाउँपालिकाको शिक्षा ऐन,२०७५ को दफा १० को प्रावधान बमोजिम साविक नाम Broad Future Academy Triveni-6,Luham,Salyan लाई परिवर्तन गरी

Salyan Public School Triveni-6,Luham,Salyan कायम गर्ने भनि भएको शिफारिस अनुसार सो विद्यालयको नाम परिवर्तण गर्ने निर्णय गरियो ।

**निर्णय नं ७,**

प्रस्ताव नं ७ माथि छलफल गर्दा यस गाउँपालिका वडा नं. १ को श्री जनता मा.वि. रिठाचौर काभ्रा,सल्यानमा आगामी शैक्षिक सत्र देखि एस.ई.ई. ⁄ एस.एल.सी.तहको प्राविधिक शिक्षा कार्यक्रम अन्तरगतको कम्प्युटर शिक्षा सञ्चालन गर्नको लागि अनुमती प्रदान गर्ने निर्णय गरियो ।